# सिन्धुली जिल्ला अदालतबाट जारी भएको

## सूचना

मितिः-२०७८।०३।०८

विश्वब्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको चुनौती अझै कायम रहेको र मिति २०७८।०३।०८ गते देखि मिति २०७८।०३।१४ गते सम्म जिल्ला प्रशासन कार्यालय सिन्धुलीवाट निषेधाज्ञा जारी भएको सन्दर्भमा सो अबधिमा अदालतको काम कारवाही तथा प्रवाह हुने सेवामा संकुचन र स्थगन गर्नु पर्ने भएकोले यस अदालतको मिति २०७८।०३।०१ मा प्रकाशित सूचना बमोजिमको काम कारवाहीलाई नै निरन्तरता दिने गरी मिति २०७८।०३।०८ को निर्णय अनुसार सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

१. २०७८ साल असार ९ गते देखी २०७८ साल असार १५ सम्म यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदनको सुनुवाई गर्ने ।

२. मुद्दा फिर्ता र मिलापत्र बाहेक अन्य मुद्दा दर्ता र सुनुवाई नगर्ने ।

३. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अबधि सम्मको मुद्दा, रिट तथा निषेधाज्ञाको हदम्याद, म्याद तथा तारेखहरु नगुज्रिने ।

४. अभियोग दर्ता, बयान, थुनछेक आदेश, पक्राउ अनुमति र समर्थन, म्याद थप, CDR अनुमतिका कार्य नियमित रुपमा गर्ने ।

५. घरेलु हिंसा सम्बन्धी फिराद दर्ता र सुनुवाई गर्ने।

६. मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ को सुविधा सम्बन्धी निवेदन दर्ता र सुनुवाई गर्ने ।

७. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको वयान तथा थुनछेक कार्य गर्ने।

०७८/०३/०८

तहसिलदार
सिन्धुली जिल्ला अदालत